कार्यालय लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिनेछ।

५. कृषकहरूको मागको आधारमा बेमौसमी तरकारी खेती तथा व्यावसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ।

६. लिखु तामाकोशी गाउँपालिकाको विकट क्षेत्रका कृषकहरूलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरू उपलव्ध गराउने नीति लिइनेछ।

७. पशु बीमा र कृषि बीमालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ।

८. कृषि सहकारीहरूलाई उल्लेखनीय कार्यहरू गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ।

९. गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरूको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ। साथै उत्पादित कृषिजन्य वस्तुहरूलाई भण्डारणको व्यवस्था गर्न पहल गरिनेछ।

१०. दुध, मासु र माछाको उत्पादनमा जोड तगा पशुपालनका लागि घाँसे खेती कार्यक्रम प्रवद्र्धन गरिनेछ। पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरूलाई ज्ञान, सीप, प्रविधि र लजिस्टिक सपोर्ट प्रदान गरिनेछ।

११. चिनौँ आफ्नो माटो : बनाऔँ आफ्नै गाउँ भन्ने मूल नाराका साथ खाद्य तथा नगदे बाली (कोदो खेती, धान खेती, मकै खेती, फापर खेती, आलु, ओखर, टिमुर) प्रवद्र्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१२. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

९. जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने बाल विकास शिक्षालाई रोचक, ज्ञानवद्र्धक र ब्यवस्थित बनाइनेछ।

१०. बाल सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था गरिनेछ।

११. आधारभुत र माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको समतामुलक पहुँच, गुणस्तर र सान्दभिकता तथा संस्थागत सक्षमता हुनेछ।

१२. सिकाई उपलब्धी कम प्रतिशत भएका विषयगत शिक्षकहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको तालिम सञ्चालन गरिनेछ। शैक्षिक संस्थाहरुलाई गुणस्तरीय बनाउन अध्ययन अवलोकन भ्रमण गराई त्यहाँको असल अभ्यास अनुशरण गराइनेछ।

१३. गाउँपालिका पूर्ण साक्षर घोषणा भइ नसकेकाले त्यसका लागि आवश्यक रणनीति योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१४. गरिव, विपन्न, द्वन्द्व पीडित तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीको व्यवस्था तथा छात्रवृत्तिको लागि निश्चित कोष स्थापना गरी सञ्चालन गरिनेछ।

१५. विगत लामो समयदेखि समस्यामा रहेका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि निजी स्रोतका शिक्षकहरु तथा अन्य कर्मचारीको सेवा सुविधाको स्रोत जुटाउने प्रयोजनार्थ आवश्यक बजेटको व्यस्था गरिनेछ।

१६. विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरुमा नजिकको विद्यालयमा गाभ्ने र दरबन्दी मिलान गर्ने कार्यलाई अगाडि बढाइनेछ।

१७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको सुधार गर्ने विद्यालयका प्रधानाध्यापक र विषय शिक्षकहरुसँग कार्य सम्पादन करार गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ।

